कालिगण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

वर्ष ७ अंक २ २०८०/०५/२३

## भाग ३

### कालिगण्डकी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पूर्तिघाट, गुल्मी
### लुम्बिनी प्रदेश, नेपाल

# कालिगण्डकी गाउँपालिकाको

# सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका

## (Guideline on Water Safe Community Declaration)

स्वीकृत मिति : २०८०/०५/२३

प्रमाणित मिति : २०८०/०५/२३

# विषय सूची


**१. पृष्ठभूमि.....७**

१.१. परिप्रेक्ष्य.....७

१.२. उद्देश्य.....८

१.३. अपेक्षित प्रयोगकर्ताहरू.....८

**२. सुरक्षित खानेपानीयुक्त समुदाय.....८**

**३. सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय .....९**

**४. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाका लागि न्यूनतम् आधारहरू.....९**

१. खुला दिसामुक्त क्षेत्र,.....९

२.समावेशी र सक्रिय उपभोक्ता समिति (सेवाप्रदायक),.....९

३. खानेपानी सुरक्षा योजना कार्यान्वयन,.....१०

४.सेवामा सहज पहुँच,.....१०

५.सुरक्षित भण्डारण र घरेलु शुद्धीकरण, .....१०

६.खानेपानी गुणस्तर अनुगमन, .....१०

७.खानेपानी गुणस्तर निगरानी, .....१०

८.खानेपानी आपूर्ति सेवाप्रति उपभोक्ताहरूको विश्वास, .....१०

९.सेवा प्रदायक र स्थानीय तहबीच सम्झौता/समझदारी पत्र .....११

**५. सुरक्षित खानेपानीयुक्त समुदाय बन्ने विधिहरू .....११**

५.१ खानेपानी आयोजनाको छनौट.....११

५.२ समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गर्ने :.....११

५.३ स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना :.....१३

५.४ दिगोपनाको आधार सुनिश्चित गर्ने (उपभोक्ता समुदाय र सरकारबीच): .....१३

५.५.निर्देशिकाको प्रयोग गरी सुरक्षित खानेपानीयुक्त समुदाय को प्रमाणिकरण: .....१३

क. समुदाय स्वयंबाट घोषणा :.....१३

ख. स्वतन्त्र रुपमा गरिने खानेपानी गुणस्तरको अनुगमन : .....१४

ग. खानेपानी गुणस्तर अनुगमनको रिपोर्टको तयारी : .....१४

घ. गाउँपालिका वा गाउँपालिकाबाट रिपोर्टको स्वीकृती : ........................................१४

५.६. औपचारिक घोषणा (सुरक्षित खानेपानीयुक्त समुदायको संक्षिप्त, संचार, वकालत) .......१४

५.७. अवधारणाको अनुगमन ..........................................................................१५

**६. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा तथा मूल्यांकन : ..१६**

७.१. कार्यक्रम-अनुगमन विधिहरु:..................................................................१६

क. निरन्तर गरिने अनुगमन.........................................................................१६

ख. बाह्य तहबाट प्रमाणिकरण गरिएको.............................................................१६

ग. बाह्य बिज्ञ तहबाट सामाजिक लेखा-परिक्षण (सोसल अडिट):..................................१६

७.२. असर-सर्वेक्षण:...................................................................................१६

क. असर-सर्वेक्षणमा स्वच्छ खानेपानी सेवा.......................................................१६

ख. असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय..............................................१६

**अनुसुचीहरु : .......................................................................................१७**

अनुसूची १: खानेपानी योजनाको दिगोपना तथा नियमित संचालनको लागि गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, र खानेपानी उपभोक्ता समिति बीच भएको .......................१७

अनुसूची २ : खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिवेदनको नमुना ................२०

अनुसुची ३ : वडा कार्यालयबाट पालिकालाई पठाउने पत्रको नमुना ................................. २१

अनुसूची ४: गाउँपालिका स्तरीय अनुगमन टोलीको संरचना तथा बैठक नमुना ..................२१

अनुसूची ५: स्वतन्त्र अनुगमन टोलीको प्रतिवेदनको नमुना तथा निर्णय ...........................२२

# गाउँपालिका अध्यक्षको सन्देश


नेपालको संविधानको धारा ३० उपधारा १ मा 'प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ', धारा ३५ उपधारा ४ मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी उल्लेख छ । साथै संयुक्त राष्ट्र संघले पारित गरेको दिगो विकास लक्ष्य अन्तर्गत स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने उद्देश्य प्रति नेपाल सरकारले पनि प्रतिबद्धता जाहेर गर्दै उक्त लक्ष्य पूरा गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ। हालको राज्य पुनर्संरचना अनुसार सेवाप्रदायकले वितरण गर्ने खानेपानी गुणस्तर सुनिश्चित गर्न सहयोग र सहजिकरण गर्न महत्वपुर्ण जिम्मेवारी स्थानीय सरकारहरुको रहेको छ । सोहि अनुरुप सरसफाइ गुरुयोजना, पूर्ण सरसफाइ मार्गदर्शन, खानेपानी र सरसफाइ सम्बन्धी संवैधानिक व्यवस्था आदिले स्वच्छ खानेपानी तथा सरसफाइमा नीतिगत एवं नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको सन्दर्भमा स्वच्छ खानेपानीको उपलब्धता अपरिहार्य सावित भएको छ। अतः यसै तथ्यलाई आत्मसात् गर्दै यस गाउँपालिकाको क्षेत्र भित्र रहेका सम्पूर्ण जनसंख्यामा स्वच्छ खानेपानीको सुविधा विस्तार गर्न यस निर्देशिकाको महत्वपूर्ण भूमिका रहने विश्वास लिएको छु । गाउँपालिका एक्लैको जोडबलले मात्र यो निर्देशिका फलिभूत हुन सक्दैन तसर्थ सम्पूर्ण वडा कार्यालयहरु, राजनैतिक दलहरु, समाजसेवीहरु, अग्रजहरु, संघ संस्थाहरु, महिला तथा बालबालिका समूहहरु, लघुवित्त, वित्तिय संस्थाहरु, विद्यालयहरु, गाउँकार्यपालिकाका विभिन्न निकायहरु तथा व्यापारिक प्रतिष्ठानहरुलाई पनि यो लक्ष्य प्राप्तिका लागि हातेमालो गर्न हार्दिक आह्वान पनि गर्दछु ।

...............................

**वेद बहादुर थापा**
**गाउँपालिका अध्यक्ष**
**कालिगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लुम्बिनी प्रदेश नेपाल**

# प्रमुख प्रशासकिय अधिकृतको सन्देश

यस कालिगण्डकी गाउँपालिकाको सम्पूर्ण घरधुरीहरुमा सुरक्षित खानेपानी पुऱ्याउने लक्ष्य यस कार्यपालिकाको रहेको यहाँहरुमा विदितै छ । खानेपानीको सुविधामा पहुँच नपुगेका परिवारहरुलाई आधारभूत स्तरको सेवा र पहुँच पुगेका परिवारहरुलाई मध्यम तथा उच्च स्तरको सेवा पुऱ्याउने लक्ष्य साथ यस गाउँ कार्यपालिकाले विभिन्न स्तरका कार्यक्रमहरू अगाडी बढाएको छ । यस क्रममा "सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने" दिगो विकासको छैठौं लक्ष्य, नेपाल सरकारको लक्ष्य तथा प्रदेश सरकार को लक्ष्यलाई पनि आत्मासात गरी आफ्ना योजना र कार्यक्रमहरु अघि बढाइएका छन् । खानेपानीको सेवास्तर बढाउनका लागि आवश्यक प्रमुख सूचकहरुमध्ये खानेपानीको गुणस्तर पनि एक हो । खानेपानीको गुणस्तर अभिवृद्धि र सुनिश्चितताको लागि पनि विभिन्न कार्यक्रमहरु गरिदै आएको छ । खानेपानी तथा सरसफाइ सम्बन्धी सुविधाहरू बीचका आपसी सम्बन्धलाई विचार गर्ने हो भने दुवै सुविधाहरूको उचित व्यवस्थापनले मात्र जनस्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । यस कालिगण्डकी गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा अभियानको सफलतालाई निरन्तरता दिन, पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रमहरूलाई दिगो तुल्याउन र सुरक्षित खानेपानीको सेवा-सुविधालाई व्यापक बनाउन गाउँ, वस्ती वा समुदायलाई नै "सुरक्षित खानेपानीयुक्त समुदाय" बनाउने अवधारणा अघि सारिएको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागले "सुरक्षित खानेपानीयुक्त समुदाय : निर्देशिका" को मस्यौदा अघि ल्याएको छ । खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्यरत विभिन्न विज्ञहरु, कार्यकर्ताहरु, वडा कार्यालयहरु र समुदायहरु बीच अन्तर्क्रिया/छलफल गरी तयार गरिएको यो दस्तावेज सबैका लागि अति नै उपयोगी सिद्ध हुने कुरामा म विश्वस्त छु। अन्त्यमा, यो निर्देशिका तयार गरी प्रकाशनमा ल्याउनमा प्रत्यक्ष र अप्रत्यक्ष तवरले आफ्नो अमूल्य समय र परिश्रम लगाउने व्यक्ति तथा संघ संस्था सबै जना धन्यवादका पात्र हुनुहुन्छ ।



..............................

**नरेश गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**
**कालिगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

# यो दस्तावेजमा प्रयोग गरिएका संक्षिप्त शब्द र परिभाषाहरु

**१. Water Safety Plan - खानेपानी सुरक्षा योजना (खापासुयो) -** खानेपानी सुरक्षा योजना खानेपानीको श्रोत देखि उपभोक्तासम्मकै विभिन्न श्रृंखलामा खानेपानीको गुणस्तर सुधार गर्ने/सुनिश्चित गर्ने कार्यको लागि अपनाइने व्यवस्थित पद्धति हो। जोखिम व्यवस्थापनका सिद्धान्तमा आधारित खापासुयो सबै खानेपानी प्रणालीमा (चालु अवस्थामा भइरहेको, नयाँ निर्माण हुने र पुनःनिर्माण वा पुनः स्थापना हुने प्रणालीहरुमा) लागू गरी खानेपानी आपूर्ति सेवालाई जलवायु परिवर्तन तथा विपद्का प्रकोपको सन्दर्भमा उत्थानशील र दिगो बनाउन सकिन्छ ।

**२ सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय** - सुरक्षित र पर्याप्त प्रायजसो एक अर्कासँग सम्बन्धित (खानेपानीको गुणस्तर र परिमाण) शब्द हुन् । गाउँ वा गाउँपालिका त्यस्ता वस्तीहरुमा जहाँ सुरक्षित खानेपानीका साथसाथै पर्याप्त खानेपानीको पनि समस्या देखिएको छ, त्यहाँ खानेपानीको परिमाण (उपलब्धता) पनि बढाउने कार्यक्रम शुरुआत हुन सक्छन् । यस्ता कार्यक्रम समुदायको क्षमता बाहिरको हुन सक्ने भएकोले पनि खानेपानी सुरक्षा योजनालाई नै परिमाणसँग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ । खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, वा खडेरी जस्ता खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्ने छ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालिन भण्डारण प्रणाली रहेको हुनु पर्ने छ ।)

**३ खानेपानी सेवा प्रदायक -** भन्नाले आम उपभोक्ता/जनताका लागि सुरक्षित खानेपानी उत्पादन/वितरण (आपूर्ति) मा संलग्न रहने संस्थाहरु जस्तै : खानेपानी व्यवस्थापन वोर्डहरु, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान, प्रशोधित पानी उत्पादक र वितरक कम्पनीहरु तथा खानेपानी उपभोक्ता संस्थाहरु सम्झनु पर्दछ ।

# सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८०

## १. पृष्ठभूमि

### १.१. परिप्रेक्ष्य

खानेपानी तथा सरसफाइ सेवालाई "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।" भनी संविधानले मौलिक हक र कर्तव्य अन्तर्गत स्थापित गरेको छ । दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)का १७ लक्ष्य मध्ये छैठौं लक्ष्य "सबैलाई खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चित गर्ने" लाई कालिगण्डकी गाउँपालिकाले पनि आत्मासात् गरी आफ्ना योजना र कार्यक्रमहरु तयार गरिरहेको छ । खानेपानी सेवालाई विश्वसनीय र नतिजामूलक तुल्याउने एउटा प्रमुख माध्यम वितरित पानीको गुणस्तर निरन्तर तवरले सुनिश्चित गर्नु हो । यसका लागि खानेपानी प्रणालीहरुमा गुणस्तर सुधार आयोजना तथा विभिन्न स्तरमा क्षमता अभिबृद्धि मार्फत पानी प्रशोधन ईकाइहरु निर्माण गर्ने, प्रशोधन ईकाइहरुको कार्य क्षमता बारे अध्ययन अनुसन्धान गर्ने र प्रणालीको मर्मत, संभार तथा संचालन कार्यमा खानेपानी सुरक्षा योजनालाई एकीकृत तुल्याउने जस्ता कार्यहरु अघि बढाइएका छन् । खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी दिगो विकास लक्ष्यहरु निम्न अनुसार रहेका छन ।

- दिगो विकास लक्ष्य नं. ०६.१.१ (क) अनुसार सन् २०३० को अन्त्यसम्म स्वच्छ खानेपानी सेवा प्राप्त गरेका जनसंख्याको हिस्सा ९०% पुग्ने छ (सन् २०१५ मा १५ % थियो ),

- त्यस्तै दिगो विकास लक्ष्य नं. ६.१.१ 'घ' घरायसी तहमा पानीमा जैविक प्रदूषण (E-Coli को जोखिम (१cfu/१०० मि.लि.) भएका घरपरिवारको हिस्सा १ प्रतिशत हुनेछ (सन् २०१५ मा ८२.२ % थियो),

- दिगो विकास लक्ष्य नं. ६.१.१ 'ङ' पानीको स्रोतमा E-Coli को जोखिम (१cfu/ १०० मि.लि.) भएका घरपरिवार (घरधुरी)को हिस्सा १ प्रतिशत हुनेछ (सन् २०१५मा ७१.१ % थियो) भन्ने लक्ष्य साथ वर्तमानमा खानेपानी तथा सरसफाइका कार्यक्रमहरू संचालन भईरहेका छन् ।

यी लक्ष्य प्राप्ति के कति भए भन्ने जानकारीका लागि पनि यस सम्बन्धी तथ्याङ्कहरु गाउँपालिका तहबाटै संकलन हुनु जरुरी देखिएकाले यो निर्देशिका तयार गरिएको हो । खानेपानी तथा सरसफाइ सम्बन्धी सुविधाहरू एक अर्कामा अन्योन्यास्रित छन्। दुवै सुविधाहरूको उचित व्यवस्थापनले मात्र जनस्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । कालिगण्डकी

गाउँपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भई  पूर्ण सरसफाइका प्रवर्द्धन कार्यक्रमहरू अघि बढिरहेका छन् । पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रमले समुदायलाई ६ जोड १ वटा सूचकका आधारमा पूर्ण सरसफाइयुक्त समुदायको मान्यता दिने गरेको छ । यी ७ सूचक मध्ये १ सुरक्षित पानीमा पहुँच तथा प्रयोग खानेपानीको उपभोगलाई मानेको छ। प्रत्येक घरपरिवारले स्वच्छ पानीको प्रयोग गरुन्, समुदायमा खानेपानीका स्रोत तथा वितरण प्रणालीद्वारा उपलब्ध खानेपानी सधैँ स्वच्छ रहोस् भन्ने हेतुले खानेपानी सुरक्षा योजना लागू भइरहेका छन् । यसै क्रममा स्वच्छ र सुरक्षित खानेपानी सेवा उपलब्ध भएको समुदाय निर्माण गर्ने अवधारणा विकास भएको छ । खानेपानी सेवाका सेवा-प्रदायक, सेवाग्राही (उपभोक्ता) र नियामक तथा निगरानी निकायहरु लगायतका सबै सरोकारवालाहरूको सामूहिक प्रयासबाट “सुरक्षित खानेपानीयुक्त समुदाय” बनाउन सकिन्छ । यसै परिप्रेक्ष्यमा यो मार्ग-निर्देशिका तयार गरिएको छ ।

## १.२. उद्देश्य

सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिकाको सर्वोपरी लक्ष्य भनेको हरेक नागरिकले स्वच्छ तथा सुरक्षित खानेपानीको सेवा प्राप्त गर्न सकुन् भन्ने हो। यसका विशिष्ट उद्देश्यहरु निम्न छन्:

क. सुरक्षित खानेपानीयुक्त समुदायका न्यूनतम आधारहरू व्याख्या गर्ने,

ख. सुरक्षित खानेपानीयुक्त समुदाय बन्ने विधि र यसका आधारहरुका बारे वर्णन गर्ने,

ग. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थीर भए नभएको लेखाजोखा गर्ने र यसको नियमित अनुगमन गर्न स्थानीय तहमा अनुगमन प्रणालीलाई संस्थागत गरी प्रमाणिकरण प्रकृयालाई वैज्ञानीक तथा विश्वसनीय बनाउने ।

## १.३. अपेक्षित प्रयोगकर्ताहरू

यो मार्गनिर्देशिका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र यस क्षेत्रमा कार्यरत सबै को लागि लाभदायी हुनेछ। विशेष गरी खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत प्राविधिक, समाजशास्त्री, सामाजिक अभियन्ता, खानेपानी सेवाका सेवाप्रदायक, सेवाग्राही र नियामक तथा निगरानी निकायहरु लगायत सबैलाई यो मार्गनिर्देशिका अति उपयोगी हुने विश्वास गरिएको छ ।

## २. सुरक्षित खानेपानीयुक्त समुदाय

**Water safe community (सुरक्षित खानेपानीयुक्त समुदाय)-** गाउँपालिका वा नगरपालिका (उपमहानगर र महागाउँपालिका समेत)का त्यस्ता समुदाय वा बस्तीहरुलाई जहाँका वासिन्दा आफ्नै घरआँगनमा जोडिएका धारामार्फत् (पानी संकलन गर्न ३० मिनेट भन्दा कम समय लाग्ने सामुदायिक धारा समेत), जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी स्वास्थ्यलाई प्रत्यक्ष असर गर्ने हानीकारक तत्व जस्तै इ-कोली र आर्सेनिक का सघनन् मापदण्ड भित्र भएका) खानेपानीको सुविधा प्राप्त गरिरहेका छन्, सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ । पाइप प्रणाली नभएको अवस्थामा भने संरक्षित पानीका स्रोत (इनार, कुवा, ट्युबवेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी पानी उपभोग गर्ने गरेका वासिन्दा भएका बस्तीलाई पनि सुरक्षित खानेपानीयुक्त समुदाय मान्न सकिन्छ ।

सुरक्षित खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय (खुला दिसामुक्त घोषणा भई १००% खुला दिसा मुक्त अवस्था) भएको हुनु पर्नेछ । यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानीलाई सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु (Control Measures) प्रयोग गरेको हुनुपर्छ । खुला दिसा मुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणीकरण गरिएको हुनु पर्नेछ । सुरक्षित खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय भएको हुनु पर्नेछ । यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत् खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु प्रयोग गरेको हुनु पर्छ । खुला दिसा मुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणिकरण गरिएको हुनु पर्नेछ ।

**सुरक्षित खानेपानी सेवा** निम्न सुचकका आधारमा स्थानीय स्तरमा मापन गरि सुनिश्चित गर्न सकिने छ ।

- समुदायका सबै घरधुरीहरुमा मिटर सहित “एक घर एक धारा” जडान भई उचित रुपमा व्यवस्थापन भएको वा आधारभुत खानेपानी सेवा (सुधारिएको खानेपानीको स्रोत ३० मिनेट पानी लिन जाँदा, पानी भर्न लाइनमा बस्दा र पानी भरेर घर फर्किदा लाग्ने कुल समय) को दुरीभित्र रहेको,

- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको गुणस्तर कायम भएको (निर्माण/पूननिर्माण गरेपछि पानीको मुहानबाट संकलित नमूनाका कम्तीमा तल उल्लेखित पारामितिको परीक्षण गर्दा),

- इ. कोली,
- आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
- फ्लोराइड (जोखिम भएका क्षेत्रमा

○ खानेपानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयनमा रहेको हुनु पर्ने ।

## ३. सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय

**सुरक्षित र पर्याप्त खानेपानी सेवा भएको समुदाय-** सुरक्षित र पर्याप्त प्रायजसो एक अर्कासँग सम्बन्धित (खानेपानीको गुणस्तर र परिमाण) शब्द हुन् । गाउँ वा गाउँपालिका त्यस्ता वस्तीहरुमा जहाँ सुरक्षित खानेपानीका साथसाथै पर्याप्त खानेपानीको पनि समस्या देखिएको छ, त्यहाँ खानेपानीको परिमाण (उपलब्धता) पनि बढाउने कार्यक्रम शुरुआत हुन सक्छन् । यस्ता कार्यक्रम समुदायको क्षमता बाहिरको हुन सक्ने भएकोले पनि खानेपानी सुरक्षा योजनालाई नै परिमाणसँग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ । खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, वा खडेरी जस्ता खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्नेछ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालिन भण्डारण प्रणाली रहेको हुनु पर्नेछ ।)

स्वच्छ र पर्याप्त प्रायजसो एक अर्कासंग सम्बन्धित (खानेपानीको गुणस्तर र परिमाण) शब्द हुन् । त्यस्ता गाउँपालिका तथा वस्तीहरुमा जहाँ स्वच्छ खानेपानीका साथसाथै पर्याप्त खानेपानीको पनि समस्या देखिएको छ, त्यहाँ यस्ता कार्यक्रमले पनि खानेपानीको परिमाण-उपलब्धता) पनि बढाउन कार्यक्रम शुरुवात गर्न सक्छ । यस्ता कार्यक्रम समुदायको क्षमता बाहिरको हुन सक्ने भएता पनि खानेपानी सुरक्षा योजनालाई नै परिमाणसँग सम्बन्धित जोखिमहरु समेत समावेश गर्ने गरी विस्तार गर्न सकिन्छ ।

स्वच्छ र पर्याप्त खानेपानी सेवा भएको समुदायका रुपमा घोषणा गर्न सुरक्षित खानेपानीयुक्त समुदायका सम्पुर्ण सूचकका साथै तपसिलका सूचकहरु पूरा भएको हुनुपर्छः

- खानेपानी प्रणालीमा निर्माण भएका सम्पूर्ण संरचनाहरु बाढी, वा खडेरी वा यस्तै अन्य खानेपानीको उपलब्धतामा प्रतिकूल असर पार्ने प्रकोपका सन्दर्भमा उत्थानशील रहेको हुनु पर्नेछ (जस्तै खानेपानीका सबै बिन्दुमा आपत्कालिन भण्डारण प्रणाली रहेको हुनु पर्नेछ ।)
- समुदायका सबै घरधुरीहरुमा मिटर सहित “एक घर एक धारा” जडान भई उचित रुपमा

व्यवस्थापन भएको हुनु पर्नेछ ।

- समुदायका सबै घरधुरीहरुमा समान रुपले पर्याप्त खानेपानीको आपुर्ति भएको तथा जनगुनासो नरहेको हुनु पर्नेछ ।

## ४. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाका लागि न्यूनतम् आधारहरू

सुरक्षित खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम आधारहरु यस प्रकार रहेका छन् ।

### १. खुला दिसामुक्त क्षेत्र

- समुदाय खुला दिसा मुक्त अवस्थामा पुगेको र उक्त अवस्थालाई कायमै राखिएको हुनु पर्नेछ । समुदायभित्रका हरेक घरधुरीले आफ्नै चर्पी निर्माण गरी प्रयोग र सम्भार मर्मत गरेको स्थितिमा मात्र त्यस समुदायमा सुरक्षित खानेपानीयुक्त समुदाय बनाउने अभियानलाई अघि बढाउन सकिन्छ । तसर्थ खुला दिसामुक्त समुदाय नै सुरक्षित खानेपानीयुक्त समुदाय-अभियानको लागि प्रवेश विन्दु तथा प्रमुख कार्यान्वयनको क्षेत्र हुनेछ ।

### २.समावेशी र सक्रिय उपभोक्ता समिति (सेवाप्रदायक),

- समुदायमा यदि पाइप प्रणालीबाट खानेपानीको सुविधा प्राप्त भएको छ भने उक्त प्रणालीको सञ्चालन, सम्भार तथा मर्मत गर्ने अभिभारा उपभोक्ता समिति वा संस्थाले वा कुनै निकायले लिएको हुनुपर्छ । धेरै जसो ठाउँमा सेवा प्रदायकको रुपमा उपभोक्ता समितिले काम गर्दै आएका छन् । यस्ता समितिहरु पनि आफ्नो विधान अनुसार समावेशी, पूर्णरुपले सक्रिय, आवश्यक सञ्चालन-सम्भार कोषको परिचालन र दक्ष प्राविधिक (जस्तै मर्मत सम्भार कार्यकर्ता, प्लम्बर आदि) को उपलब्धता भएको हुनु जरुरी छ । खानेपानी प्रणालीको सञ्चालन तथा सम्भारको क्रममा समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागू गर्न उपभोक्ता समिति सक्षम र सबल हुनु अति आवश्यक छ ।

### ३. खानेपानी सुरक्षा योजना कार्यान्वयन,

- खानेपानी सुरक्षा योजना लागू गर्दा गरिने चरणबद्ध क्रियाकलापहरू यस प्रकार छन् :

- १. खापासुयो टोली गठन
- २. खानेपानी प्रणालीको विश्लेषण
- ३ प्रदूषण पहिचान, जोखिम विश्लेषण,
- ४. नियन्त्रण-उपाय,
- ५. सुधारकार्यहरुको योजना तर्जुमा तथा कार्यान्वयन
- ६. अनुगमन,
- ७. खापासुयोको प्रमाणीकरण

यी सबै क्रियाकलापहरू सम्पन्न भई निरन्तरता पाएको हुनु पर्नेछ । विशेष गरी नियन्त्रण-उपाय (control measures) ले काम गरे नगरे को अवस्था बुझ्न गरिने अवलोकन तथा पानीको नमुना परीक्षण कार्य नियमित रुपले सम्पन्न भएको हुनु पर्नेछ ।

## ४. सेवामा सहज पहुँच,

समुदायको सम्पूर्ण जनसंख्यालाई पानीको सुविधामा पहुँच पुगेको हुनु पर्छ । व्यवस्थित खानेपानीका प्रणाली (पाइप प्रणाली) भएका वस्तीमा घर आँगनमै जोडिएका धाराबाट र प्रणाली नभएका समुदायमा भने सबै घरधुरीहरुले सुधारिएको पानीको श्रोतबाट (पानी भरेर ल्याउन ३० मिनेटभन्दा बढी समय नलाग्ने स्थानबाट) खानेपानी ल्याई प्रयोग गरिरहेको अवस्था हुनुपर्छ ।

## ५. सुरक्षित भण्डारण र घरेलु शुद्धीकरण,

सबै घरधुरीले घर आँगनमै जोडिएका धाराबाट उपलब्ध पानीको सुरक्षित भण्डारण र प्रयोग गर्ने गरेको अन्य श्रोतको खानेपानी पनि घरायसी रुपमा नियमित शुद्धीकरण गरी प्रयोग गर्ने गरेको अवस्था हुनुपर्नेछ ।

## ६. खानेपानी गुणस्तर अनुगमन,

व्यवस्थित खानेपानीका प्रणाली भएका समुदायमा भने खानेपानीको गुणस्तर अनुगमन अन्तर्गत पर्ने संचालन-अनुगमन नियमित हुने गरेको र वर्षमा कम्तीमा पनि एक पटक वाह्य निकायद्वारा परिचालन-अनुगमन गर्ने गरिएको हुनु पर्नेछ ।

## ७. खानेपानी गुणस्तर निगरानी,

समुदायका सबै घरधुरीहरुमा खानेपानीको सुरक्षित भण्डारण गर्ने गरिएको हुनुपर्छ । खानेपानीको स्रोतको रूपमा प्रयोग गरिएका मूलको पानी कम्तीमा पनि वर्षमा ३ पटक

(मनसुन अघि, मनसून अवधि र मनसुन पछि) जैविक प्रदूषण छ कि छैन भनी परीक्षण गर्ने गरिएको हुनुपर्नेछ। क्लोरीनको प्रयोग गरिएको अवस्थामा, क्लोरीन अवशेष समेत परीक्षण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरूप भएको हुनुपर्नेछ।

## ८. खानेपानी आपूर्ति सेवाप्रति उपभोक्ताहरूको विश्वास,

खानेपानी सुरक्षा योजना लागू गर्ने क्रममा उपभोक्ताहरूको सन्तुष्टी पहिचान गर्ने कार्य पनि गरिएको हुन्छ । यो सर्वेक्षणको नतिजाले उपभोक्ताहरुको सुरक्षित खानेपानी प्रतिको विश्वसनियता कायम भएको नभएको जानकारी दिलाउँछ । ८० प्रतिशत घरपरिवारले धाराको पानी सिधै पिउनको लागि प्रयोग गरेको (घरायसी तहमा पानी प्रशोधन गर्न नपरेको) अवस्था देखियो भने पानीको प्रणालीले गुणस्तरीय तथा सुरक्षित पानी आपूर्ति गरेको संकेत मान्न सकिन्छ ।

## ९.सेवा प्रदायक र स्थानीय तहबीच सम्झौता/समझदारी पत्र

खानेपानी प्रणालीको दिगोपनका लागि  सम्बन्धित सेवा प्रदायक र स्थानीय तह (गाउँपालिका) वा प्रदेश सरकार बीच समझदारी-पत्र वा सम्झौता भएको हुनुपर्नेछ । यो सम्झौतामा खानेपानी प्रणालीको सुचारुपन र दिगोपनका लागि र सुरक्षित पानीको आपूर्तिको लागि सेवा प्रदायक र स्थानीय तहका भूमिका र काम कर्त्तव्य स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

## ५. सुरक्षित खानेपानीयुक्त समुदाय बन्ने विधिहरू

## ५.१ खानेपानी आयोजनाको छनौट

स्वच्छ खानेपानीयुक्त समुदाय विकासका लागि सर्बप्रथम खानेपानी आयोजना तथा समुदायको छनौट गर्नु पर्ने हुन्छ। उक्त खानेपानि आयोजना तथा समुदाय छनौट गर्दा तपसिलका आधार मा छनौट गर्नु पर्ने हुन्छ।

| आयोजना छनौटका आधारहरु | भए/नभएको |
|---|---|
| • खुल्ला दिसामुक्त घोषित क्षेत्र | |
| • खानेपानि उपभोक्ता समिति सकृय भएको, | |
| • सुरक्षित खानेपानीको श्रोत रहेको तथा बाह्य जोखिम न्युन रहेको खानेपानी आयोजना, | |
| • खानेपानी आयोजना निर्माण भई समुदायलाई हस्तान्तरण भएको तथा राम्रो संचालनमा रहेको, | |
| • समुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सकभर मिटर सहित धारा जडान भएका वा हुन सक्ने । | |

| | |
|---|---|
| • खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रणाली प्रभावकारी रहेको (सकृय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदीको व्यवस्था भएको) | |
| • खानेपानी गुणस्तर राम्रो रहेको (परिक्षण गरिएको भए) तथा पानीको गुणस्तर सुधार गर्न समुदाय तथा उपभोक्ता समितिहरु इच्छुक रहको, | |

## ५.२ समुदायको अगुवाईमा खानेपानी सुरक्षा योजना लागु गर्ने :

सुरक्षित खानेपानीयुक्त समुदाय प्रवद्धन अर्न्तगतको चरण ५.१ का मापदण्डका आधारमा नगर तथा गाउँ कार्यपालिका तथा नगर/गाऊँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले छनौट गरेका खानेपानी तथा सरसफाई योजना वा समुदायहरुमा विश्व स्वास्थ्य संगठनद्वारा निर्देशित पद्दती अनुरुप **खानेपानी सुरक्षा योजना** लागु गर्नु पर्नेछ । यसले पानीको गुणस्तरमा सुधार गर्नका लागि पानी सुरक्षासँग सम्बन्धित जोखिमहरुको विश्लेषण र व्यवस्थापन गर्न सहयोग गर्दछ ।

प्रदूषणका जोखिमहरु पहिचान गरी तिनीहरुको व्यवस्थापनका लागि गरिने विभिन्न उपायहरु (विश्व स्वास्थ्य संगठनकै शब्दमा नियन्त्रणका उपायहरु) ले पानीको स्रोत वरपरको क्षेत्र, पानीको मुहान, पानी ओसार्दा र घरधुरी तहमा प्रयोग हुने तगाराहरु पनि समेटेका हुन्छन् ।

विश्व स्वास्थ्य संगठनको खानेपानी सुरक्षा योजनालाई आधारमानी युनिसेफले डिजाइन गरेको "**समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रम**" पद्दतिले सामुहिक असरहरुलाई आफ्नो केन्द्र विन्दुमा राखी समुदाय स्तरका सामुहिक र ब्यक्तिगत स्तरका तगाराहरु पहिचान तथा आत्ममहसुशीकरण गराई, पहिचान भएका तगाराहरुको सुधार गर्न सुधार योजना तुर्जमा गरी समुदाय कै नेतृत्वमा कार्यन्वयन भई समुदायलाई स्वच्छ खानेपानीयुक्त समुदायको स्थीतिमा पुग्न सहयोगका लागि यो पद्दति डिजाइन गरिएको हो । समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रम चक्र र विश्व स्वास्थ्य संगठनको खानेपानी सुरक्षा योजनाचक्र बीचको सम्बन्धलाई तस्विर नं १ मा सारांशगत रुपमा प्रस्तुत गरिएको छ ।

तस्विर १ : समुदायको अगुवाईमा पानी सुरक्षा कार्यक्रम




खानेपानी सुरक्षा योजना समुदायगत रुपमा लागू गरिएको र समुदायको प्रत्येक घरधुरीले ब्यक्तिगत तगाराहरु प्रयोग गरेका छन् भने त्यस्तो समुदायलाई स्वच्छ खानेपानीयुक्त समुदाय मान्न सकिन्छ । यस मार्ग-निर्देशिकाले स्वच्छ खानेपानीयुक्त समुदाय हुनका लागि न्यूनतम आधारहरु प्रदान गर्दछ । थप अतिरिक्त आधारहरु स्थानीय खानेपानी प्रणाली र तिनका व्यवस्थापन मोडेलहरुमा आधारित भई स्थानीय प्रोटोकल वा स्थानीय योजनाहरुद्वारा परिभाषित गर्न सकिन्छ ।

स्वच्छ खानेपानी सेवाको सुधार तथा दिगोपनका लागि गरिने कार्यहरुका सिलसिलामा, समुदायको आफ्नो क्षमताभन्दा बढी लगानी र प्रयासको आवश्यकता पर्न सक्ने भएकोले, समुदायको अगुवाईमा खानेपानी सुरक्षा कार्यक्रमलाई गाउँपालिका स्तरका अधिकारीको पूर्वाधार स्तरोन्नती गर्ने योजना तर्जूमा कार्यमा सहायकसिद्ध हुने औजारको रुपमा प्रयोग गर्नुपर्दछ ।

खुला दिसा मुक्त अवस्थामा पुग्नु र उक्त अवस्थालाई कायम राखी यस कार्यक्रमको लागि प्रवेश विन्दु तथा प्रमुख कार्यान्वयनको क्षेत्र हुनेछ । स्वच्छ खानेपानी वितरण गर्ने र स्वच्छ खानेपानीयुक्त समुदाय निर्माणको लागि कार्यक्रम तर्जुमा गर्नुको उद्देश्य पूर्ण सरसफाइ सम्बन्धी उपलब्धीहरु प्राप्त गर्न बल पुऱ्याउनुका साथै तिनलाई दिगो राख्नु र स्वास्थ्य सम्बन्धी प्रभावहरुको अभिबृद्धि गर्नु हो । यस चरणमा मुख्यतय निम्न कार्यहरु गर्नु पर्ने हुन्छ ।

- छनौट भएका खानेपानी आयोजनाका उपभोक्ता समितिका पदाधिकारी तथा समुदायलाई खानेपानी सुरक्षा योजना, खानेपानी आयोजनाको सुचारुपना र खानेपानी गुणस्तर बारे सचेतिकरण गर्ने र खानेपानी सुरक्षा टोली गठन गर्ने ।

- खानेपानी सुरक्षा टोली तथा पदाधिकारीहरुलाई खानेपानी सुरक्षा योजना सम्बन्धी तालिम प्रदान गर्ने, आयोजनाको विश्लेषण गर्ने, जोखिमहरुको पहिचान गरि सुधार योजना तर्जुमा गर्ने ।

- यसरी तर्जुमा भएका खानेपानी सुरक्षा योजना उपभोक्ता समिति तथा समुदायमा छलफल गरी प्रमाणिकरण समितिमा वडा तथा गाउँपालिकामा पेश गर्ने ।

- खानेपानी सुरक्षा योजनाले निर्दिष्ट गरेका सुधार कार्यहरु समुदायको नेतृत्वमा सम्बन्धित वडा, पालिका तथा अन्य विकास साझेदार निकायहरुसंग समन्वय तथा सहकार्य गरी खानेपानी आयोजनाको भौतिक अवस्था सुधारका कार्य र जोखिम न्यूनीकरणका कार्यहरु गर्ने ।

- खानेपानी आयोजनाको भौतिक अवस्था सुधार तथा विस्तार गर्दा समुदायका सबै घरधुरीहरु, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सकभर मिटर सहित धारा जडान गर्ने ।

- खानेपानी आयोजनाको सञ्चालन र व्यवस्थापन प्रणाली लाई प्रभावकारी बनाउने (सक्रिय समिति, मर्मत संभार कार्यकर्ता, मर्मत संभार कोष, औजार आदिको व्यवस्था भएको),

- खानेपानी उपभोक्ता समितिको नेतृत्वमा समुदाय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतना अभिबृद्धि गर्ने ।

- समुदायमा खेर गएको पानीको उचित व्यवस्थापन (करेसाबारी वा सकपिटमा) गर्ने गराउने ।

- खानेपानीको गुणस्तर परिक्षण तथा सुधारका लागि प्राविधिक टोली, प्राविधिक तालिम तथा औजारको व्यवस्था गर्ने,

## ५.३ स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना :

खानेपानी सुरक्षा योजना, खानेपानी गुणस्तर जाँच, सुरक्षित खानेपानीयुक्त समुदायको अवधारणा सहितको **स्थानीय तहमा खानेपानी गुणस्तर अनुगमन प्रणालीको स्थापना** गर्नु पर्ने छ । जस अन्तर्गत स्थानीय तहले निम्न कुराहरुको व्यवस्थापन सुनिश्चित गर्नु पर्नेछ ।

- खानेपानी गुणस्तर जाँच शाखा/उपशाखा स्थापना गर्ने,
- कर्मचारीको व्यवस्था तथा प्राविधिक तालिम प्रदान गर्ने,
- खानेपानी गुणस्तर जाँचको किट तथा आवश्यक सामाग्रीको व्यवस्था गर्ने,
- पालिका क्षेत्र भित्रको खानेपानी परिक्षण कार्य योजना बनाई नियमित रुपमा परिक्षण तथा सुधार कार्यमा प्राविधिक सेवा प्रदान गर्ने,
- स्थानीय आवश्यकता तथा मागको आधारमा खानेपानी परिक्षण कार्यको पालिकाले शुल्क तोक्न सक्ने छ ।
- खानेपानी परीक्षण प्रतिवेदन तयार गरी पालिकामा रेकर्ड राख्ने, सम्बन्धित पक्षलाई प्रतिवेदन दिने तथा प्रदेश तथा संघिय सरकारलाई प्रतिवेदन पठाउने ।

## ५.४ दिगोपनाको आधार सुनिश्चित गर्ने (उपभोक्ता समुदाय र सरकारबीच) :

स्वच्छ खानेपानीयुक्त समुदाय उन्मुख खानेपानी आयोजनाको स्वामित्व ग्रहण, दिगो व्यवस्थापन र सञ्चालन गर्न सम्बन्धित निकायको भूमिका र जिम्मेवारी उल्लेख गरी **उपभोक्ता समिति र गाउँपालिका बिच अनुसूची १ अनुसारको** दुई पक्षीय सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको हुनु पर्नेछ। यसले सहमति जनाएका पक्षहरुको भूमिका र जिम्मेवारीहरु साथसाथै ठोस गतिविधिहरुलाई परिभाषित गर्दछ। जसले कार्यक्रमबाट प्राप्त सेवा सुविधाहरुलाई चलायमान राख्न र व्यवहार परिवर्तनलाई दिगो बनाइराख्न सुनिश्चित गर्दछ । यसरी हुने सम्झौतामा सम्बन्धित वडाका वडा अध्यक्ष र सहयोगी निकायका प्रतिनिधिहरु साक्षीका रुपमा राख्न सकिने छ ।

## ५.५.निर्देशिकाको प्रयोग गरी सुरक्षित खानेपानीयुक्त समुदायको प्रमाणिकरण :

### क. समुदाय स्वयम्बाट घोषणा :

ग्रामीण मर्मत सम्भारकर्ता र खानेपानी उपभोक्ता समितिद्वारा खानेपानीको गुणस्तर फिल्ड टेस्ट किटको प्रयोग गरी परीक्षण गरिनुपर्छ । समुदायले त्यस क्षेत्रमा खानेपानी सुरक्षा योजना, दिगोपनाको आधारको रुपमा sustainability compact (सम्झौता पत्र र MoU), खुल्ला दिसामुक्त क्षेत्र घोषणा र ग्रामीण मर्मत सम्भारकर्ताको सुनिश्चितता गर्नुपर्छ। खानेपानी उपभोक्ता समितिले खानेपानी आयोजनाको भौतिक अवस्था, खानेपानीको गुणस्तर र आयोजनाको दिगो संचालन तथा व्यवस्थापन पक्षको यथार्थ प्रतिवेदन तर्जुमा गरी सम्बन्धित वडा कार्यालय मार्फत पालिकामा स्वतन्त्र अनुगमनका लागि अनुरोध गर्नु पर्नेछ ।

## ख. स्वतन्त्र रुपमा गरिने खानेपानी गुणस्तरको अनुगमन :

सम्बन्धित खानेपानी आयोजना वा समुदायको प्रतिवेदन सहित वडा कार्यालयको अनुरोधका आधारमा खानेपानीको गुणस्तरको जाँच, खानेपानी आयोजनाको प्राविधिक तथा व्यवस्थापन पक्षको स्वतन्त्र अनुगमनका लागि गाउंपालिका वा गाउँपालिकाबाट दक्ष प्राविधिक व्यक्ति सहितको एक स्वतन्त्र अनुगमन टोली खटाउने छ । यसरी खटाईएको अनुगमन टोलीले खानेपानीको गुणस्तर, आयोजनाको प्राविधिक पक्ष, दिगो संचालन तथा व्यवस्थापन पक्षको संयुक्त रुपमा अनुगमन गरि पालिकामा प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ । उक्त टोलीमा कम्तीमा निम्न व्यक्ति तथा क्षेत्रको संलग्नता रहने छ ।

- पालिका उप प्रमुख तथा कार्यपालिका सदस्य एक जना
- खानेपानी तथा सरसफाई क्षेत्रका प्राविधिक एक जना
- खानेपानी गुणस्तर परिक्षणका लागि पालिका वा खानेपानी तथा सरसफाई कार्यालय वा प्रयोगशालाका प्राविधिक १ जना
- पालिकाका स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारी १ जना
- खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि एक जना

यसरी गरिने खानेपानीको गुणस्तर परीक्षणको नतिजामा ई.कोलीको संख्या १ भन्दा कम र आर्सेनिकको अधिकतम सघनन् सीमा ०.०५ मि.ग्रा.लिटर (राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, सन् २००५) हुनुपर्दछ ।

स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले खानेपानी गुणस्तर जाँचको नतिजा (विशेषगरी ई.कोली र आर्सेनिक) बुझाउनु पर्दछ र सम्पूर्ण खानेपानी आयोजनामा खानेपानी उपभोक्ता समिति, खानेपानी सुरक्षा आयोजना टोली, गाउँपालिका, खानेपानी तथा सरसफाइ डिभिजन कार्यलय, युनिसेफ, विश्व स्वास्थ्य संगठन र खानेपानी तथा सरसफाइ क्षेत्रका साझेदारहरु सँग समन्वय गरी अनुगमन गर्नुपर्दछ ।

## ग. खानेपानी गुणस्तर अनुगमनको रिपोर्टको तयारी :

स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले सम्पूर्ण खानेपानी आयोजनाको अनुगमन र अवलोकनको क्रममा खानेपानी गुणस्तर जाँचको रिपोर्ट कुल प्लेट काउन्ट/गणना (ई.कोलीको संख्या १ भन्दा कम) र आर्सेनिक (अधिकतम सघनन् सीमा ०.०५ मि.ग्रा.लिटर) प्रमाणसहित तयार गरी पालिकामा पेश गर्नु पर्दछ ।

### घ. गाउँपालिका वा गाउँपालिकाबाट रिपोर्टको स्वीकृति :

गाउँपालिकाबाट स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीले परीक्षण गरेको खानेपानी गुणस्तर जाँचको नतिजा तथा आयोजनाको सुचारुपना तथा दिगो व्यवस्थापन सम्बन्धी प्रतिवेदनलाई स्वीकृत गर्ने र प्रमाणीकरण गर्नुपर्दछ। यसरी गरिएको प्रमाणिकरणको बारे सम्बन्धित वडा मार्फत खानेपानी उपभोक्ता समितिलाई जानकारी गराउनु पर्नेछ।

## ५.६. औपचारिक घोषणा (सुरक्षित खानेपानीयुक्त समुदायको संक्षिप्त, संचार, वकालत)

गाउँपालिका/नगरपालिकाबाट खानेपानी गुणस्तर जाँचको नतिजा र स्वतन्त्र रुपले गरिने खानेपानी गुणस्तर अनुगमन टोलीको रिपोर्टको आधारमा घोषणाको पत्र (जसमा घोषणाको मिति, समय र स्थान उल्लेख गरी) वितरण गर्नुपर्दछ। यस काममा योगदान दिनुहुने विभिन्न व्यक्ति, संघ/संस्थालाई सम्बोधन/सम्मान गरिनुपर्दछ।

## ५.७. अवधारणाको अनुगमन

यसरी सम्पुर्ण प्रकृया पुरा गरि घोषणा भएको सुरक्षित खानेपानीयुक्त समुदायको समुदाय तथा पालिका स्तरबाट नियमित अनुगमन गर्नु पर्ने हुन्छ।

- खानेपानी गुणस्तरको स्वतन्त्र अनुगमन चौमासिक रुपमा  त्यसपछि दोश्रो वर्ष ६ महिनाको अन्तरालमा र एक वर्षमा गर्ने
- समुदायले हरेक महिना P/A भाइलको प्रयोग गरी खानेपानी गुणस्तरको जाँच गर्ने
- खानेपानी सुरक्षा योजना अनुसार नियन्त्रणका उपायहरु अपनाउने

## ६. सुरक्षित खानेपानीयुक्त समुदायको मान्यता स्थिर भए नभएको लेखाजोखा तथा मूल्यांकनः

स्वच्छ खानेपानीयुक्त समुदाय अनिवार्य रुपमा खुला दिसा मुक्त समुदाय भएको हुनु पर्नेछ। यो समुदायले सामुदायिक स्तरमा खानेपानी सुरक्षा योजना मार्फत्  खानेपानी स्वच्छ र सुरक्षित राख्न, सामुदायिक स्तरका तगाराहरु प्रयोग गरेको हुनु पर्छ । खुला दिसामुक्त घोषणा भएको समुदाय जस्तै स्वच्छ खानेपानीयुक्त समुदाय पनि स्वतन्त्र तवरले प्रमाणिकरण गरिएको हुनु पर्नेछ।

# ७. उपलब्धी - मापन (Measuring results)

उपलब्धीहरुलाई प्रतिफल र असरका तहमा मापन गर्नका लागि कार्यक्रम-अनुगमन र असर-सर्वेक्षण प्रयोग गरिनेछ । असर-सर्वेक्षणले मौजूदा अनुगमनलाई स्वतन्त्ररुपमा प्रमाणीकरण गर्ने गर्दछ र यसका लागि छुट्टै मार्ग-निर्देशन प्रदान गरिनेछ। असर-सर्वेक्षणले कहिलेकाहीं प्रत्यक्ष अवलोकन, कहिलेकाहीं दस्तावेजहरुको प्रमाणीकरण र कहिलेकाहीं पानीको गुणस्तर परीक्षण जस्ता कार्यहरु समेट्ने छन् ।

## ७.१. कार्यक्रम-अनुगमन विधिहरु :

### क. निरन्तर गरिने अनुगमन

खानेपानी आयोजनाको हस्तान्तरण हुनुभन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसार खानेपानी गुणस्तरका पारामितिहरुको परीक्षण गरिएको हुनु पर्नेछ । खानेपानीको नमुना परीक्षण गर्दा, इ. कोली, आर्सेनिक र फ्लोराईड को सघनन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले तोकेको गुणस्तर सम्बधी मार्ग-निर्देशिका बमोजिम हुनु पर्नेछ। अन्य पारामितिहरुको हकमा पनि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड पूरा भएको हुनुपर्छ । खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना लागू गरी तगाराहरुको नियमित अनुगमन कार्य भए गरेको हुनु पर्नेछ ।

### ख. बाह्य तहबाट प्रमाणिकरण गरिएको

समुदाय भन्दा बाहिरका जस्तै स्वास्थ्य संस्था, सरकारी निकाय, स्वतन्त्र निकाय (पत्रकार), वास शाखा, गाउँपालिका, खानेपानी तथा सरसफाइ बिज्ञ र खानेपानी उपभोक्ता महासंघ स्थानीय प्रतिनिधिको टोलीबाट **स्वच्छ खानेपानीयुक्त समुदाय** भनी प्रमाणीकरण भएको हुनुपर्ने देखिन्छ। यो निकाय, खुला दिसा मुक्त क्षेत्रको अनुगमन तथा प्रमाणीकरण गर्ने टोली वा त्यसमा खानेपानी सम्बन्धी विज्ञता भएका सदस्य सहितको टोली हुन सक्दछ। स्वच्छ खानेपानीयुक्त समुदायको स्थीति कम्तीमा पनि १ वर्ष कायम रहेको प्रमाणीकरण वाह्य तहबाट हुनु पर्दछ। यस्तो प्रमाणिकरण कार्यको लागि टोलीको संरचना, आधारहरु र कार्यविधि आदि बारे राष्ट्रिय स्तरको अनुगमन तथा प्रमाणीकरण कार्यविधि वा कार्यक्रम-प्रमाणिकरणमा समाविस्ट गर्न सकिने छ ।

### ग. बाह्य बिज्ञ तहबाट सामाजिक लेखा-परिक्षण (सोसल अडिट) :

**स्वच्छ खानेपानीयुक्त समुदायको लेखा-परिक्षण (अडिट)** गरिनु पर्छ, अर्को शब्दमा खानेपानी सुरक्षा योजना प्रभावकारी भएका छन् भनी प्रमाणीकरण गरिनु पर्छ । यस अर्न्तगत बाह्य समुदाय तथा व्यक्तिबाट खानेपानी योजनाको मुहान, धारा तथा घर तहको खानेपानीको गुणस्तर परीक्षण गरिने छ। खानेपानीको गुणस्तर परीक्षण महङ्गो र तालिम प्राप्त प्राविधिकहरुबाट मात्र सम्भव हुने भएकाले निम्न उपायहरु अवलम्बन गर्न सुझाव दिइएको छ :

- नमुना छनौट गरि केही घरधुरीको मात्र गर्न सकिन्छ,
- नगर तथा वडा कार्यालयहरुमा खानेपानीको दीर्घकालीन सर्भिलेन्स (निगरानी) प्रणालीको स्थापना, उपकरणको व्यवस्था तथा क्षमता विकास कार्यक्रमलाई बल पुऱ्याउने,
- गुणस्तर परीक्षणका नतिजाहरु बारे समुदायलाई जानकारी बाँड्ने कार्यलाई, दिगो रुपमा बानी व्यवहारको परिवर्तन गर्न ट्रिगरिगं औजारका रुपमा विकास गर्न सकिन्छ,
- यस प्रकारका परीक्षणहरु बर्षमा एक पटक वा विशेष अवस्थामा गर्न सकिन्छ ।

## ७.२. असर- सर्वेक्षण :

### क. असर- सर्वेक्षणमा स्वच्छ खानेपानी सेवा

असर- सर्वेक्षणमा कार्यक्रम अन्तर्गत नयाँ निर्माण भएका वा पुनर्निर्माण गरिएका सबै खानेपानी प्रणालीका संरचनाहरुको अनिवार्य रुपमा परीक्षण गरिनु पर्छ। स्वच्छ खानेपानीयुक्त समुदायका खानेपानीको नमुना पनि संकलन गरी परीक्षण गर्नु पर्नेछ । असर-सर्वेक्षणमा खानेपानीको नमुना संकलन गरी निम्न अनुसारको पारामितिको मात्र परीक्षण गरिनु पर्ने हुन्छ।

- इ. कोली,
- आर्सेनिक (जोखिम भएका क्षेत्रमा)
- फ्लोराइड (जोखिम भएका क्षेत्रमा)
- नाईट्रेट
- फलाम
- धमिलोपना,
- विद्युतीय संवाहकता वा कुल घुलित ठोस पदार्थ

त्यस्तै, खानेपानी आयोजनाको हस्तान्तरण हुनुभन्दा पहिले खानेपानी गुणस्तरका राष्ट्रिय मापदण्ड अनुसारका अन्य पारामितिहरुको परिक्षण गरिएको हुनु पर्नेछ भने नतिजा सर्वेक्षणका अवसरमा यी थप पारामितिहरुको प्रमाणीकरण उपलब्ध भएका दस्तावेजहरुको समीक्षाद्वारा गरिने छ ।

पाईप प्रणालीको हकमा भने पानी वितरण विन्दुमा क्लोरीन अवशेषको सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले निर्धारण गरेको दायरा भित्र (रेन्जमा) हुनु पर्ने छ ।

## ख. अनुसार-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय

असर-सर्वेक्षणमा स्वच्छ खानेपानीयुक्त समुदाय हुनका लागि चाहिने न्यूनतम आधारहरुको परीक्षण गरिनेछ ।

- खुला दिसा मुक्त क्षेत्र तथा स्वच्छ खानेपानीयुक्त समुदायको नमुना छनौट
- छनौट भएका समुदायबाट नमुना घरधुरीहरुको छनौट,
- अझै थप रुपमा, खानेपानीको परीक्षण गर्न ।
- २० प्रतिशत घरधुरीहरुको छनौट,
- छनौट भएका घरधुरीहरुले इंगित गरेका खानेपानी सेवाको परीक्षण,

**अनुसुचीहरु :**

**अनुसूची १: खानेपानी योजनाको दिगोपना तथा नियमित संचालनको लागि कालिगण्डकी गाउँकार्यपालिकाको कार्यालय, गुल्मी र ...................................................... खानेपानी उपभोक्ता समिति बीच भएको**

# दुई पक्षीय समभौता-पत्र

# (SUSTAINABILITY COMPACT)

कालिगण्डकी गाउँपालिका वा गाँउकार्यपालिकाको समन्वयमा संचालित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम अन्तर्गत कालिगण्डकी गाउँपालिका वडा नं. ....., ................... खानेपानी योजनामा ................. घरधुरीहरुमा एक घर एक धारा निर्माण कार्य सम्पन्न भई योजनाको स्वामित्व ग्रहण, व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी कालिगण्डकी गाउँपालिका...... नं. वडा कार्यालय मार्फत .................................. खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा रहने गरी हस्तान्तरण भईसकेकोले तपशिलमा उल्लेखित जिम्मेवारीहरु बहन गर्न सम्बन्धित सरोकारवालाहरु प्रतिवद्ध रहेकोले कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र ....................................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति बीच दुई पक्षीय सम्भौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

यसले सहमति जनाएका पक्षहरुको भूमिका र जिम्मेवारीहरु साथसाथै ठोस गतिविधिहरुलाई परिभाषित गर्दछ । जसले कार्यक्रमबाट प्राप्त सेवा सुविधाहरुलाई चलायमान राख्न र व्यवहार परिवर्तनलाई दिगो बनाइराख्न सुनिश्चित गर्दछ ।

**क) स्थानीय उपभोक्ताहरुको जिम्मेवारी :**

- आ-आफ्नो घरको धाराको खानेपानी मिटर, धाराको टुटी, फिटिङस् सामग्रीहरु लगायत अन्य सामग्रीहरुको आवश्यकता अनुसार मर्मत सम्भार तथा नयाँ फेरवदल गर्ने ।

- घरधुरीबाट निस्कने कुहिने, नकुहिने फोहरमैला र धाराबाट निस्कने फोहर पानीको उचित व्यवस्थापन गरी धारा लगायत घर वरिपरि नियमित सरसफाई गर्ने । साथै, धाराबाट निस्कने फोहर पानीलाई करेसावारीमा प्रयोग गर्ने ।

- दिसा पिसाव शौचालयमा मात्र गर्ने, गराउने ।

- खानेपानी योजनाबाट एक घर एक धारा जडान गर्दा प्रत्येक घरधुरीले रु १०००। (अक्षरेपी एक हजार) का दरले  उपभोक्ता समितिलाई भुक्तानी गर्ने ।

- खानेपानी योजना मर्मतसम्भार कोषमा प्रत्येक घरधुरीबाट बार्षिक न्यूनतम रु.३००।- (अक्षरुपी तिन सय) र निर्धारित खानेपानीको मासिक महसुल न्यूनतम १० यूनिट सम्मको रु.४०। (अक्षरुपी चालिस) र थप यूनिटको न्यूनतम रु ५। (अक्षरुपी पाँच) का दरले तोकिएको समयमा नै उपभोक्ता समितिको कार्यालयमा भुक्तानी गर्ने ।

- खानेपानी योजनाको मर्मत सम्भार तथा नयाँ संरचनाहरु निर्माण गर्नु पर्ने अवस्थामा समुदायको तर्फबाट गर्नुपर्ने श्रमदान उपलब्ध गराउने ।

## ख) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको जिम्मेवारीः

- खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, नयाँ निर्माण तथा फेरवदल, फिटिङस् सामग्रीहरु लगायत प्लम्बिङ्ग औजारहरु, पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री, रसायनिक पदार्थ तथा उपकरणहरुमा न्यूनतम रु. ५०,०००।- (अक्षेरुपी पचास हजार) सम्मको बार्षिक लागत खर्च व्यहोर्ने ।

- पानीको गुणस्तर जाँच गर्ने आवश्यक सामग्री, रसायनिक पदार्थ तथा उपकरणबाट प्रत्येक महिना वा प्रत्येक ३ महिनामा आवश्यक जाँच गर्नुपर्ने पारामितिहरु अनुसार मुहान देखि घरधुरीसम्मको पानीको गुणस्तर जाँच गरी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार भएको सुनिश्चित गरी सो को रेकर्ड राखी समुदायमा सार्वजनिक गर्नुको साथै खानेपानी परीक्षणका नतिजाहरूको सारांश सहितको प्रतिवेदन ६/६ महिनामा वडा कार्यालय/गाउँपालिका कार्यालयमा पेश गर्नेछ ।

- प्रत्येक ६/६ महिनामा खानेपानी सुरक्षा योजनाको अध्यावधिक गर्ने, गराउने साथै सो को प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुको साथै खानेपानी सुरक्षा योजनालाई कार्यान्वयन गर्ने, गराउने ।

- उपभोक्ताहरुबाट उठेको पानीको मासिक महसुल, जम्मा भएको मर्मतसम्भार कोषको रकम र अन्य हिसाव किताव चुस्त दुरुस्त राख्ने ।

- ग्रामीण मर्मतसम्भार कार्यकर्ता (VMW) को नियूक्ति अनिवार्य रुपमा गरी निजलाई तोकिएको सेवा, सुविधा नियमित रुपमा समयमा नै प्रदान गर्दै उपभोक्ताहरुको

प्रत्येक धारामा नियमित पानी आउने गरी खानेपानी योजना पूर्ण रुपमा चलायमान भएको सुनिश्चित गर्ने ।

- उपभोक्ता समितिको बैठकहरु नियमित बस्ने, आवश्यकता अनुसार उपभोक्ताहरुको भेलाको आयोजना गर्ने र प्रत्येक आर्थिक बर्ष शुरु भएको ३ महिना भित्र सम्पूर्ण उपभोक्ताहरुको भेला गरी कार्य प्रगती र आम्दानी-खर्च सार्वजनिक गरी नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरीक्षकबाट योजनाको लेखापरीक्षण गरी सम्बन्धित नियामक निकायमा पेश गर्ने ।

- घरधुरी तथा समुदायले गरिरहेको सरसफाई तथा स्वच्छता प्रवर्द्धनको अनुगमन गरी दैनिक नियमित रुपमा भइरहेको सुनिश्चित गर्ने ।

- आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालय, गाउँपालिकासँग समन्वय गर्ने ।

- गाउँपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले दिएको सल्लाह, सुझाव र निर्देशनहरुलाई कार्यान्वयन गर्ने, गराउने ।

- नेपाल सरकार/गाउँपालिका कार्यालयले खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी तय गरेको कानुन तथा नीतिनियमहरुलाई आफ्नो खानेपानी योजनामा कार्यान्वयन गर्ने, गराउने ।

## ग) वडा कार्यालयको जिम्मेवारी:

- योजनाको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समितिलाई सुझाव, सल्लाह र निर्देशन दिने ।

- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको नियमित बैठक र बार्षिक रुपमा आम उपभोक्ताहरुको भेला संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको लेखा व्यवस्थापन तथा पारदर्शिता कायम गर्न आवश्यक सहजीकरण गर्ने ।

- खानेपानी योजनाको मुहानदेखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मत सम्भार तथा नयाँ निर्माण आदीमा रु.५०,०००।- (अक्षरुपी पचास हजार) भन्दा माथि लागत लाग्ने भएमा बजेटको व्यवस्थापनका लागि आवश्यक सहयोगका लागि गाउँपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।

- कुनै विपत् आईपरी योजनाको पाईपलाईन तथा संरचनाहरुको पूर्ण क्षति भएमा अथवा योजना दिगो रुपमा संचालन गर्न, गराउनको लागि गाउँपालिका वा अन्य निकायहरुमा समन्वय तथा सिफारिस गर्ने ।

- उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि गाउँपालिका तथा अन्य निकायहरुसँग समन्वय तथा सिफारिस गर्ने ।

## घ) गाउँपालिका/वडा कार्यालयको जिम्मेवारी :

- योजनाको नियमित रुपमा स्थलगत अनुगमन गरी आवश्यकता अनुसार उपभोक्ता समितिलाई सुझाव, सल्लाह र निर्देशन दिने ।

- खानेपानी योजनाको चौमासिक रुपमा खानेपानीको परिक्षण गरी नतिजा बारे उपभोक्ताहरुलाई जानकारी गराउने र गुणस्तर सुधारका लागि सहयोग तथा सहजीकरण गर्ने ।

- खानेपानी योजनाको मुहान देखि घरधुरीको धारासम्मको पाइपलाइन तथा संरचनाहरु मर्मतसम्भार, सुधार विस्तार र नयाँ निर्माण आदीमा रु.५०,०००।- (अक्षरेपी पचास हजार) भन्दा माथि बार्षिक लागत लाग्ने भएमा बजेटको व्यवस्थापन गरी सुधार गर्न सहयोग गर्ने ।

- कुनै विपत आईपरी योजनाको पाईपलाईन तथा संरचनाहरुको पूर्ण क्षति भएमा अथवा योजना दिगो रुपमा संचालन गर्न, गराउनको लागि गाउँपालिकाबाट वा अन्य सरकारी तथा विकास साझेदार निकायहरुसँग समन्वय गरि बजेटको व्यवस्था गर्ने र सो को मर्मत सुधार तथा निर्माण कार्यमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

- नेपाल सरकार/गाउँपालिका कार्यालयले खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी तय गरेको कानुन तथा नीति नियमहरुको बारेमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई जानकारी प्रदान गर्ने ।

| | |
|---|---|
| **क) ........................ खानेपानी तथा सरसफाई उपभोक्ता समितिको तर्फबाट** | **ग) कालिगण्डकी गाउँपालिको तर्फबाट** |

| | |
|---|---|
| दस्तखतः<br><br>नामः<br><br>पदः अध्यक्ष<br><br>मितिः | दस्तखतः<br><br>नामः<br><br>पदः अध्यक्ष<br><br>मितिः |
| **ख) कालिगण्डकी गाउँपालिका वडा नं. ....... का वडा अध्यक्षको तर्फबाट** | **साक्षी (२)ः साझेदार संस्थाको तर्फबाट** |
| दस्तखतः<br><br>नामः<br><br>पदः वडा अध्यक्ष<br><br>मितिः | दस्तखतः<br><br>नामः<br><br>पदः<br><br>मितिः |

## अनुसूची २ : खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रतिवेदनको नमुना



पानी परीक्षण नतिजा प्रतिवेदन

सिमलगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति

सिम्ता-४, सुर्खेत

सम्पुर्ण नमुनाको परीक्षण नतिजा

| तयार गर्ने:- | सिफारिस गर्ने:- | प्रमाणित गर्ने |
|---|---|---|
| नाम:- विरबहादुर महतारा | नाम:- भिमबहादुर रावत | नाम:- |
| पद:- उ.स. अध्यक्ष | पद:- वडा अध्यक्ष | पद:- |
| मिति:- २०७६/१०/१२ | मिति:- २०७६/१०/१५ | मिति:- |
| हस्ताक्षर:- | हस्ताक्षर:- | हस्ताक्षर:- |


पानी परीक्षण नतिजा प्रतिवेदन

सिमलगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति

सिम्ता-४, सुर्खेत

| | |
|---|---|
| पानी परीक्षण मिति | २०७६/१०/१२ |
| पानीको नमुना संकलन स्थान | १. मुहान |
| | २. ट्याङ्की |
| | ३. २०% धारा समावेश हुने गरी ६ धारा |
| पानी शुद्धिकरण विधि | ट्याङ्कीमा क्लोरिनेसन (Chlorination) |
| क्लोरिन अवषेश मात्रा | ०.२ मि.ग्रा./लि. |

संकेत

| *E.coli* per 100 ml of water (CFU) | WHO Risk Level |
|---|---|
| >100 (>१००) | Very High (अति उच्च खालको संक्रमण) |
| 11-100 (११-१००) | High (उच्च खालको संक्रमण) |
| 1-10 (१-१०) | Medium (मध्यम खालको संक्रमण) |
| <1 (<१) | Low (न्यून संक्रमण) |

पानीको नमुना परीक्षण नतिजा

| क्र.स. | पानीको नमुना संकलन स्थान | परीक्षणको पारामिति | एकाइ | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड | पानीको नमुनाको नतिजा | परीक्षणको लागि प्रयोग गरिएको साधन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मुहान | E-coli | CFU/100ml | <१ | ३ | MICS Kit | मध्यम खालको संक्रमण |
| २. | ट्याङ्की | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ३. | धारा-१ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ४. | धारा-२ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ५. | धारा-३ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ६. | धारा-४ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ७. | धारा-५ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |
| ८. | धारा-६ | E-coli | CFU/100ml | <१ | ० | MICS Kit | न्यून संक्रमण |

## अनुसुची ३ : वडा कार्यालयबाट पालिकालाई पठाउने पत्रको नमुना

सिम्ता गाउँपालिका
दर्ता नं. १५६६
मिति: २०७६।१०।१५

सिम्ता गाउँ कार्यपालिकाको कार्यालय
४ नं. वडा कार्यालय,
बजेडिचौर, सुर्खेत
कर्णाली प्रदेश नेपाल ।

प.सं. ०७६/०७७

च.नं. १४१

मिति: २०७६/१०/१५

श्री गाउँपालिका प्रमुख ज्यू,

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जामुने बजार, सिम्ता ।

विषय: तेश्रो पक्ष अनुगमन गराइ सहमति उपलब्ध गराई दिनुहुन ।

उपर्युक्त विषयमा नेपालको संविधान, २०७२ को धारा-३० उप-धारा १ मा 'प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ', धारा-३५ उप-धारा ४ मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी उल्लेख छ । साथै संयुक्त राष्ट्र संघले पारित गरेको दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) अन्तर्गत सुरक्षित खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने उद्देश्य प्रति नेपाल सरकारले पनि प्रतिवद्धता जाहेर गर्दै उक्त लक्ष्य पूरा गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

यही सिलसिलामा सिम्ता गाउँपालिकासँगको समन्वयमा युनिसेफ नेपालको सहयोगमा, स्थानीय कार्यान्वयन साझेदार दिगो विकासका लागि नागरिक मन्च (सिविक फोरम), काभ्रेपलान्चोकको सहजिकरणमा सिम्ता गाउँपालिका वडा नं.०४, बजेडीचौरको सिमलगाउँ खानेपानी योजनामा खानेपानी मिटर जडान सहित २८ घरधुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न भई योजनाको स्वामित्व ग्रहण, व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित वडा कार्यालय मार्फत सिमलगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा रहने गरी हस्तान्तरण भईसकेको, सिम्ता गाउँपालिका र सिमलगाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समिति बीच खानेपानी योजनाको दिगोपना तथा नियमित संचालनको लागि दुई पक्षीय सम्झौता (Sustainability Compact) सम्पन्न भईसकेकोले, स्थानीय सिमलगाउँ समुदायलाई "सुरक्षित खानेपानी युक्त समुदाय" घोषणा गर्न हाम्रो सिम्ता गाउँपालिकाको अनुगमन टोलीद्वारा तेश्रो पक्ष अनुगमन गराइ उक्त समुदायको पानी सुरक्षित रहेको सुनिश्चित गरी घोषणा कार्यक्रमको व्यवस्थापनको लागि सहमति उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

भीमबहादुर रावत
वडा अध्यक्ष

## अनुसूची ४: गाउँपालिका स्तरीय अनुगमन टोलीको संरचना तथा बैठक नमुना

आज मिति २०७६।१०।२१ रोजका दिन यस गा.पा. वडा नं ८ खोप खोपीखेल्ले खानेपानी आयोजनाको तेस्रो पक्ष अनुगमन गा.पा.को उपाध्यक्ष श्री चन्द्रकला शाही को संयोजकत्वमा तिन सदस्य अनुगमन समिति गठन गरियो।

उपस्थिति

१. श्री चन्द्रकला शाही — संयोजक
२. श्री भुपेन्द्र के.सी. — सदस्य
३. श्री सन्तोस बुढा — सदस्य

आमन्त्रीत


१. श्री दिपा चन्द मल्ल — वडा नं.८ सदस्य
२. खा.पा. अध्यक्ष श्री जन बहादुर मल्ल
३. श्री आशिष सापकोटा — WSP focal Person, Civic forum
४. श्री प्रतिमा ठकुरी — Knowledge management & documentation officer
५. श्री बादलबली — WSP and WSC mobiliser, Civic forum
६. श्री सिराजन रावत — गा.पा. हे.स.

प्रस्ताव नं.१:- तेस्रो पक्ष अनुगमन/पानी परिक्षण सम्बन्धमा

निर्णय नं.१:-

प्रस्ताव नं.१ माथी छलफल गर्दा यस सिम्ता गा.पा. वडा नं.८, खोपीखेल्ले सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नेका लागि खानेपानी उ.स. र ८ नं वडा कार्यालयले पानी परिक्षण गरि पेश गरेको रिपोर्टमा खानेपानी सुरक्षित देखिएकोले र पालिकामा पेश गरेकोले पालिका स्तरबाट द्याङको, मुहान र २ वटा धारा बाट पानीको नमुना लिइ तेस्रो पक्ष अनुगमन र परिक्षण गर्ने निर्णय गरियो।

## अनुसूची ५: स्वतन्त्र अनुगमन टोलीको प्रतिवेदनको नमुना तथा निर्णय



आज मिति २०८३।१०।१५ गते ... गा.पा. का उपाध्यक्ष तथा अनुगमन समितिको संयोजक श्री चन्द्रकला शाही ज्यूको संयोजकत्वमा बैठक बसी तपसिलको उपस्थितिमा तपसिलका निर्णय गरियो

उपस्थिति

१. श्री चन्द्रकला शाही - संयोजक
२. श्री भुपेन्द्र के.सी. - सदस्य
३. श्री ... - ''

आमन्त्रित


श्री कविन्द्र कुमार ... गा.पा. ...
२. श्री जनक बहादुर ... प्रमुख प्रशासकीय अधिकृत
३. श्री ... पोखरेल सब इन्जिनियर
श्री आशिष ... सिविक फोरम
५ श्री प्रतिमा ... ''
६ श्री ... ''
१० श्री ... वडा सदस्य ४-

प्रस्तावहरू

१. पानीको नतिजा सम्बन्धमा।
२. विविध सम्बन्धमा

प्रस्ताव नं. १ माथि छलफल गर्दा ... गा.पा. वडा नं ४- ... खानेपानी आयोजनाको विभिन्न स्थानबाट पानीको नमुना संकलन गरी पानी परीक्षण गर्दा निम्न अनुसारको नतिजा देखियो नतिजा

| क्र.सं. | पानीको नमुना स्थान | नतिजा (CFU/100ml) | रा.खा.गु. मापदण्ड (CFU/100ml) |
|---|---|---|---|
| १, | मुहान | 0 | 0 |
| २, | ट्याङ्की | 0 | 0 |
| ३, | ... धारा | 0 | 0 |
| ४ | ... धारा | 0 | 0 |
| ५ | जयसरा बुढा (भण्डारण) | 0 | 0 |
| | FRC जाँच गरिएको स्थान / नतिजा mg/L | | '' '' '' mg/L |
| १, | ट्याङ्की | 0.2 | 0.1-0.2 |
| २, | ... धारा | 0.2 | 0.1-0.2 |



प्रस्ताव नं २ माथि छलफल गर्दा ... गा.पा. वडा नं ... खानेपानी आयोजनाको विभिन्न स्थानबाट पानीको नमुना संकलन गरी परीक्षण गर्दा ... राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार ... सुरक्षित खानेपानीयुक्त ... घोषणा गर्न उपयुक्त देखिएको निर्णय गरियो।


अनुसुची

सिम्ता गाउँपालिका कि उपाध्यक्ष श्री चन्द्रकला शाही खोपिखोल्ने खानेपानी आयोजनाको ट्याङ्की अनुगमन गर्नुहुँदै, साथमा सिम्ता गाउँपालिक, वडा न ८ कि वडा सदस्य श्री दिपा मल्ल

सिम्ता गाउँपालिका कि उपाध्यक्ष श्री चन्द्रकला शाही, साथमा अन्य अनुगमन टोली खोपिखोल्ने खानेपानी आयोजनाको धारा अनुगमन गर्नुहुँदै

सिम्ता गाउँपालिका का WASH Focal person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी, तेस्रो पक्षिय खानेपनी परिक्षणका लागी धारा बाट पानीको नमुना लिनुहुँदै

सिम्ता गाउँपालिका का WASH Focal person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी, तेस्रो पक्षिय खानेपनी परिक्षण गर्नुहुँदै, साथमा सिविक फोरमका WSP Focsal Person श्री आशिस सापकोटा




मुहानबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

ट्याङ्कीबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

श्री हस्त चन्दको धाराबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

श्री सृजना चन्दको धाराबाट लिइएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)



सिम्ता गाउँपालिका WASH Focal Person तथा अनुगमन समितिका सदस्य श्री भुपेन्द्र के सी MICS kit बाट पानीको परीक्षण गर्नुहुँदै

जयसरा बुढाको भण्डारण गरी राखिएको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)

बिर्ख महताराको घरको धाराको पानीको नतिजा compact dry plate मा (0 CFU/100 ml)